# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ फागुन ११ गते

<u>एसिड आक्रमण प्रकरण</u>

## दोषीलाई कारबाहीको दायरामा ल्याऊ

राजधानीमा दुई किशोरी संगीता मगर र सीमा बस्नेतमाथि एसिड आक्रमण गरिएको तथा बारा जिल्लामा छ वर्षीया बालिका बलात्कृत भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले पीडितमध्ये संगीता मगरको अवस्थाबारे आयोगका सदस्य सुदिप पाठक नेतृत्वको टोलीले 'काठमाडौं मेडिकल कलेज' मा पुगेर आवश्यक जानकरी संकलन गरेको छ । उपचारमा संलग्न डाक्टरका अनुसार विरामी खतरामुक्त रहे पनि घाउ निको हुन थोरैमा एक महिनाभन्दा बढी समय लाग्ने जानकारी प्राप्त भएको छ । सीमा बस्नेत उपचारपछि घर फर्केको जानकारी प्राप्त भएको छ ।

एसिड आक्रमणमा संलग्न व्यक्तिलाई यथाशक्य छिटो पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन आयोग सरकारको ध्यानाकर्षण गराउँदछ ।

महिला, किशोरी तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न प्रभावकारी कदम चाल्न; पीडितको औषधोपचारको व्यवस्था गर्न एवम् एसिडको आयात, बिक्री-वितरण तथा प्रयोगमा कडाइ गर्न पनि आयोग सरकारको ध्यानाकर्षण गराउँदछ ।

....................

मोहना अन्सारी
प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org